# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुचि–१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. ब. २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०८१ कार्तिक, मंसिर र पौष)

(मिति २०८१/१०/२९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

### १. वित्तीय विवरण :

क. आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरण धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ वमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु:

| | | |
|---|---|---|
| १. प्रति शेयर आम्दानी | : | रु.२६.३५ |
| २.पी. ई. अनुपात | : | ४३.८७ |
| ३. प्रति शेयर नेटवर्थ | : | रु. ११८ |
| ४. तरलता अनुपात | : | ५.०३ |

प्रति शेयर आम्दानी Annualized गरिएको ।

### २. व्यवस्थापकीय विश्लेषण तथा कार्ययोजनाहरु :

क. कम्पनीवाट उत्पादन भएको सर्वाधिक विक्री हुने Golden Oak ले उच्च प्रतिस्पर्धाको सामना गरी रहेको छ भने Black Oak व्राण्डको मदिराको विक्री वितरणमा केहि मात्रा वृद्धि हुन गएको छ । कम्पनीले पछिल्लो समयमा उत्पादन गरी प्रचलनमा ल्याएको Silver Oak व्राण्ड प्रति पनि उपभोगताको सकारात्मक प्रतिकृया प्राप्त भएको छ । कम्पनीको व्यवसायमा देखिएको सकारात्मक प्रभावका कारण गत वर्षको यसै अवधिको भन्दा विक्री आम्दानी वढेको छ भने विक्री वितरणको सिलसिलामा हुने खर्चहरुमा तुलनात्मक रुपमा केहि वढि/कमि भएको छ । समग्रमा हेर्दा कम्पनीले यस अवधिमा गत वर्षको भन्दा १४७ प्रतिशतले नाफा आर्जन गर्न सफल भएको छ ।

ख. कम्पनीले यसै त्रैमासिक अवधि देखि Malt Distillation Unit बाट Malt Spirit उत्पादनको प्रकृया अगाडी बढाएको छ । यस युनिटवाट उत्पादन गरिएको Malt Spirit लाई म्याचुरेशन गर्ने एवं विक्री वितरण समेत गर्ने उद्देश्यले कार्य गरी रहेको छ । यसको उत्पादन र म्याचुरेशन गरी उत्पादनमा प्रयोगवाट आयात प्रतिस्थापन हुने र उत्पादित मदिराको लागत कम हुने कम्पनीले विश्वास लिएको छ ।

ग. यस कम्पनीले अघि सारेको नयाँ परियोजना Zero Liquid Discharge को लागि मेसिनरीज र आवश्यक संयन्त्र जडान कार्य भई रहेको छ । उक्त कार्य सम्पन्न भए पछि अर्को त्रैमासिक अवधिमा संचालनमा आउने र सो को संचालन पश्चात् उद्योगको वातावरणीय सूचकमा (Index) मा अझै सुधार हुनका साथै अहिले By-Product को रुपमा उत्पादन भई बिक्री भईरहेको Sludge को सट्टामा जनावर तथा पशु, पंक्षी आदिको दाना प्रयोग हुने र यसवाट कम्पनीको विक्री आम्दानी समेत विश्वास लिएको छ । साथै Plant Automation जडानको कार्य समाप्त भएको छ । यसमा देखिएका केहि समस्याहरुको पहिचान गरी सोही अनुसारको सुधारको कार्य भई रहेको छ । Automation को कार्य समाप्त भई संचालनमा आए पछि उत्पादन हुने ENA को गुणस्तर र लागत कम हुने र उत्पादित ENA को Quality मा समेत स्थिर रहने अपेक्षा गरिएको छ ।

घ. सरकारले ल्याएको नीति अनुसार उत्पादनमा विविधता ल्याई कम्पनीको आय आर्जन वढाउनका लागि आवश्यक कार्य गरी रहेका छौं ।

ङ. कम्पनीको उद्धेश्य अनुसारको कार्यलाई निरन्तरता दिनका लागि कम्पनीको कारखानाबाट उत्पादन भई रहेका स्प्रिटलाई कारखाना वाहिर विभिन्न तापमान भएको क्षेत्रमा म्याचुरेशन गर्ने योजना मुताविक कम्पनीले तदारुपकताका तैयारीको कार्य गरिरहेको छ ।

च. कम्पनीमा रहेको संचित रकमलाई लगानीकर्ताहरुको लगानी संरक्षण र हितलाई मुख्य उद्धेश्य राखी उपयुक्त क्षेत्रमा लगानी गर्ने उद्धेश्यले व्यवस्थापनले कम्पनीको लगानी नीति तर्जुमा गर्ने कार्य गरि रहेको छ ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाण्डौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्धा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुर को अस्थायी ईजलास बिरगन्जमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्बोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरी पाउन रिट मार्फत् निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भई हाल उक्त मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ ।

ख. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्त: शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्त: शुल्क सम्वन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखिला गरेको अन्त: शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्वन्धित कार्यलयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयमा न्यायिक पुनरावलोकनका लागी निवेदन दर्ता गरिएकोमा सो निवेदन उपर कारवाहि हुदां निवेदन उपर दरपिट भएको र उक्त दरपिट उपर सुनवाई नहुने गरी अन्तिम भएको ले सम्मानित सर्वोच्च अदालतको फैसला वमोजिमको दायित्व यकिन गरी फरछ्यौंट गर्ने क्रममा रहेका छौं ।

ग. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूलाकरदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएको छ । प्रस्तुत विषयमा हाल सम्म पनि निर्णय भएको जानकारी प्राप्त भएको छैन ।

घ कम्पनीको आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशवाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नवुझि आयकर ऐन,२०५८ को दफा ११५ वमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा सो समेत हाल सम्म निर्णय भएको अवस्था छैन ।

ङ. सर्लाही जिल्ला अर्नाहा वडा नं.२ वस्ने सुभाष शाहले सूचनाको हक सम्वन्धि ऐन, २०६४ वमोजिम माग गरिएको सूचना उपलब्ध नगराई जिम्मेवारीबाट पन्छिन खोजेकोले कानुन वमोजिम कारवाहि गरी सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर यस कम्पनीले लिखित जवाफ राष्ट्रिय सूचना आयोगमा पेश गरी सकेकोमा सो उपर हाल सम्म कुनै सुनवाई भएको जानकारी प्रस्तुत अवधिमा प्राप्त भएको छैन ।

च. यस उद्योगमा कार्यरत दुई श्रमिकहरुले मदिरा सेवन गरी कार्यस्थलमा उपस्थित भएको विषयमा नियमानुसार अनुशासन सम्वन्धि कारवाहि गरी सेवावाट हटाईएकोमा निजहरुको पुनरावेदन सम्मानित श्रम अदालत, काठमाडौंमा परेको विषयमा निजलाई सेवा बाट हटाउने गरी कम्पनीवाट भएको निर्णयलाई सदर गरी तीन महिनाको पारिश्रमिक क्षतिपुर्ति उपलब्ध गराई दिने गरी निर्णय भएको छ । फैसलाको पूर्णपाठ हाल सम्म प्राप्त भएको छैन ।

ज. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस दोस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोत: www.nepalstock.com.np )

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. १,४७०.०० |
| न्यूनतम् मूल्य | रु. १,१५५.०० |
| अन्तिम मूल्य | रु. १,१५६.०० |
| कारोबार दिन | ५५ |

### ५. समस्या तथा चुनौति :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. बजारमा आर्थिक क्रियाकलाप वृद्धि हुने कार्य प्राय: ठप्प नै रहेको छ । देशको समग्र आर्थिक गतिविधिलाई चलायमान गराउने क्रियाकलापहरुले नै मदिरा जस्तो मनोरन्जनात्मक वस्तुको विक्री वितरणमा वृद्धि हुने गर्दछ । देशवाट उपभोक्ता वर्गका जन समुदायहरु उच्चदरमा वर्हिगमनले पनि मदिराको विक्री वितरणमा कमी आउने गरेको छ । आयातित मदिरा, कच्चा पदार्थहरुको मुल्य वृद्धि, सिमित बजार मदिराको उत्पादनमा उच्च प्रतिस्पर्धा जस्ता कारणहरुले कम्पनीको व्यापार विस्तारमा चुनौती रहेको छ ।

ख. वजारमा वर्षौ देखि लगानी गरेर स्थापित भएका र उपभोगताको रोजाईमा पर्न सफल भएका कम्पनीका Golden Oak र Black Oak ब्राण्डलाई प्रभाव पार्न र उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिने उद्धेश्यले केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको वोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन गर्ने, यस कम्पनीको वोतल प्रयोग गर्ने जस्ता कार्य रहेवाट कम्पनीको बिक्रीमा प्रभाव पर्न गएको छ । यस्ता क्रियाकलाप विरुद्धमा सम्वद्ध निकायमा उजुरी दिने गरिएको भएता पनि त्यसको कार्यन्वयन हुन समय लाग्ने हुदा थप चुनौती कम्पनीले सामाना गर्नु परेको छ ।

ग. प्रत्येक वर्ष जस्तो नेपाल सरकारले मदिरामा लगाईने अन्त: शुल्कमा वद्धि गर्ने कार्यवाट मदिराको मुल्य उच्च हुन पुगेको छ भने आर्थिक क्रियाकलापका कार्य चलायामान नहुदा र उपभोगताको कय शक्तीमा ह्रास आउदा अवैध रुपमा कार्य गर्ने मदिरा व्यवसायिहरु घरेलु मदिराले प्रश्रय पाउने देखिएबाट व्यवसायमा थप चुनौति थप भएको छ ।

घ. व्राण्ड Awareness सम्वन्धि कार्यमा नीतिगत रुपमा संकुचन गर्दै लगिएकोले यसको व्यवसाय विस्तारमा नकारात्मक प्रभवा पर्न गएको छ ।

### ६. संस्थागत सुशासन :

अघिल्ला त्रैमासिक अवधिमा जस्तै कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको, कार खानामा उत्पादन हुने बस्तुहरु अन्त: शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्त: शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मुल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणस्तरलाई ध्यानमा राखी खरिद गर्ने वस्तुको मूल्यलाई व्यवस्थित गर्दै आएका छौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी जिम्मेवारी वहन गर्ने कोसिस समेत गरि रहेका छौं ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि सम्पूर्ण आर्थिक विवरण तथा जानकारीहरु पारदर्शी हुने गरी यस प्रतिवेदनमा प्रकाशन गरिएको यहाँहरु समक्ष जानकारी गराउँदछु । साथै यस कम्पनीले चालेका कदममा प्रत्यक्ष रुपमा यस व्यवसाय संग सम्वन्धित पक्षहरु, लगानीकर्ताहरु तथा यस कम्पनीका शुभ चिन्तकहरुबाट समेत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा व्यवसाय वृद्धिका कार्यमा उपयुक्त राय, सुझाव एवं सहयोगको अपेक्षा गरेको छु ।

## Unaudited Statement of Financial Position for the Quarter Ended on 29th Poush 2081

| Particulars | This Quarter End (Rs.) | Previous Quarter End (Published) (Rs.) | Corresponding Previous Year Quarter End (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, Plant and Equipment | 578,114,298 | 476,025,084 | 451,860,907 |
| b) Capital work-in-progress | 263,651,599 | 349,025,371 | 2,251,169 |
| c) Intangible Assets | 990,990 | 981,676 | 884,664 |
| d) Right to Use Assets | 12,475,127 | 12,183,952 | 13,573,408 |
| e) Investments | 111,100,000 | 111,100,000 | 101,100,000 |
| f) Other Non-Current Assets | 43,403,343 | 66,659,027 | 156,706,307 |
| **Total Non-Current Assets** | **1,009,735,356** | **1,015,975,110** | **726,376,455** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 513,393,961 | 447,031,984 | 372,168,751 |
| b) Financial Assets | | | |
| Trade Receivables | 23,481,060 | 11,358,817 | 1,012,136,062 |
| Cash and Cash Equivalents | 1,520,288,899 | 1,555,263,044 | 881,841,465 |
| Other Bank Balances | 1,100,000,000 | 1,200,000,000 | 875,000,000 |
| Other Financial Assets | 8,505,890 | 26,648,679 | 13,027,784 |
| c) Other Current Assets | 152,483,178 | 124,925,401 | 127,105,626 |
| **Total Current Assets** | **3,318,152,987** | **3,365,227,925** | **3,281,279,687** |
| **TOTAL ASSETS** | **4,327,888,344** | **4,381,203,035** | **4,007,656,142** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share Capital | 3,073,401,812 | 2,672,523,315 | 2,672,523,315 |
| b) Other Equity | | | |
| Reserves and Surplus | 553,308,939 | 889,647,548 | 481,501,148 |
| **Total Equity** | **3,626,710,751** | **3,562,170,863** | **3,154,024,463** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 12,579,953 | 12,010,656 | 13,070,792 |
| b) Deferred Tax Liabilities | 28,872,516 | 28,177,501 | 28,810,087 |
| **Total Non-Current Liabilities** | **41,452,469** | **40,188,157** | **41,880,879** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Trade Payables | 173,461,941 | 400,174,305 | 120,666,421 |
| Other Financial Liabilities | 227,151,276 | 104,554,630 | 486,813,331 |
| Lease Payables | 1,253,599 | 1,371,096 | 1,220,441 |
| b) Other Current Liabilities | 232,167,084 | 205,683,095 | 203,050,607 |
| c) Current Tax Liabilities (Net) | 25,691,224 | 67,060,888 | - |
| **Total Current Liabilities** | **659,725,124** | **778,844,014** | **811,750,800** |
| **TOTAL EQUITY AND LIABILITIES** | **4,327,888,344** | **4,381,203,035** | **4,007,656,142** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 29th Poush 2081

| Particulars | Upto This Quarter (Rs.) | Upto Previous Quarter (Rs.) | Upto Corresponding Previous Year Quarter (Audited) (Rs.) |
|---|---|---|---|
| Gross Revenue from Operations | 3,032,232,779 | 1,486,614,583 | 1,898,816,299 |
| Less: Excise Duties | 1,522,211,440 | 752,069,982 | 942,871,197 |
| Net Sales Revenue | 1,510,021,339 | 734,544,601 | 955,945,102 |
| Less: Cost of Goods Sold | 508,589,091 | 265,353,073 | 347,415,959 |
| Less: Manufacturing Expenses | 89,997,011 | 43,624,833 | 55,062,799 |
| **Gross profit** | **911,435,237** | **425,566,695** | **553,466,345** |
| Employee Benefit Expenses | 137,793,806 | 68,670,358 | 91,550,661 |
| Administration and Other Expenses | 44,243,493 | 21,819,711 | 33,243,842 |
| Selling and Distribution Expenses | 194,841,099 | 70,420,085 | 198,229,631 |
| **Operating profit** | **534,556,839** | **264,656,541** | **230,442,211** |
| Non Operating Income | 38,305,086 | 17,291,332 | 17,140,375 |
| Depreciation and Amortisation | 28,552,365 | 14,259,827 | 25,246,534 |
| Finance Costs | 655,600 | 326,384 | 707,439 |
| **Profit Before Tax** | **543,653,961** | **267,361,662** | **221,628,613** |
| Income Tax Expenses | 138,734,586 | 68,490,309 | 57,972,963 |
| **Profit for the year** | **404,919,375** | **198,871,353** | **163,655,651** |
| **Other Comprehensive Income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other Comprehensive Income** | **-** | **-** | **-** |
| **Total Comprehensive Income for the year** | **404,919,375** | **198,871,353** | **163,655,651** |
| **Earning per Equity Share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 26.35 | 25.88 | 10.65 |
| Diluted EPS* | 26.35 | 25.88 | 10.65 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 43.87 | 52.74 | 160.75 |
| Net Worth Per Share | 118.00 | 133.29 | 118.02 |
| Liquidity Ratio | 5.03 | 4.32 | 4.04 |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

**हिमालयन डिष्टिलरी लिमिटेड**, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल